नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन इकाई

टिकापुर, कैलाली

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
रानी जमरा कुलरीया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई
टिकापुर, कैलाली

**<u>तरकारी तथा मकै उत्पादक कृषकहरुको हितमा जारी सन्देश !</u>**

विगत केही दिनदेखि टिकापुर नगरपालिका, जानकी गाउँपालिका तथा लम्कीचुहा नगरपालिकाका केही स्थानहरुमा मकै बालीमा अमेरिकन फौजी किरा तथा काँक्रा बालीमा सिते ढुसी रोगको संक्रमण देखिएकाले सो रोग र किराको प्रकोप तथा हानी नोक्सानीका बारेमा सचेत बनौं ।

### मकैको अमेरिकन फौजी किरा

**क्षतिको लक्षण**

अण्डाबाट भर्खर निस्किएका लार्भाले पातको बाहिरी सतहमा बसी कोत्रेर खाई पातमा सिसाको झ्याल जस्तो आकृति देखिन्छ। त्यसपछि लार्भा कलिलो अवस्थाको मकैको गुभो भित्र प्वाल पारी पस्दै खान थाल्छ। बिरुवा बढ्दै जाँदा पातमा लहरै स-सानाप्वाल परेको देखिन्छ। लार्भाहरु बढ्दै जाँदा आक्रमण भएको ठाउँमा विष्टा देखिने र धेरै आक्रमण भएको ठाउँमा पातहरु छियाछिया भएको हुन्छ। बिरुवाको पछिल्लो अवस्थामा धान चमरा, जुंगा तथा घोगामा समेत नोक्सानी गर्दछ।

**व्यवस्थापनका तरिकाहरु**

- खेतको निरीक्षणको क्रममा पातको तल्लो सतहमा झुण्डमा पारिएका अण्डाहरु संकलन गरी नष्ट गर्ने ।
- पातमा सेता झिल्ली सहितका प्वाल देखा परेमा नीमजन्य विषादी एजाडिराक्टिन १५०० पि पि एम ५ मिली लिटर प्रति लिटर पानीमा मिसाई छर्कने।
- मकैको पातमा प्वाल सहित गुभोमा क्षतिको लक्षण र विष्टा देखा परेमा स्पाईनेटोराम ११.७ प्रतिशत एस. सी. १ मिली लिटर प्रति लिटर पानीका दरले वा इमामेक्टिन बेन्जोएट ५ प्रतिशत एस.जी१ ग्राम प्रति २.५ लिटर पानीका दरले वा क्लोरएन्ट्रानिलिप्रोल १८.५ प्रतिशत एस. सी. १ मिली लिटर प्रति २.५ लिटर पानीका दरले मिसाएर छर्ने।

### काँक्राको सिते ढुसी

**रोगको लक्षण**

पातमा हल्का खैरो वा पहेंलो रङको कुना परेका थोप्लाहरु देखा पर्दछन्। पातको तल्लो सतहमा ढुसी उम्रेको देखिन्छ। थोप्ला देखा परेका स्थानमा पातहरु छिट्टै सुक्दै जान्छन् र अन्त्यमा बोटलाई समेत सुकाउँदछन्। फलको आकारमा समेत विकृति देखा पर्दछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग

# रानी जमरा कुलरिया सिंचाई आयोजना

## कृषि कार्यक्रम कार्यान्वयन इकाई

टिकापुर, कैलाली

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विभाग रानी जमरा कुलरिया सिंचाई आयोजना कृषि कार्यक्रम कार्यान्वयन इकाई टिकापुर, कैलाली

**व्यवस्थापनका तरिकाहरु**

- रोगी बोट तथा लक्षण देखा परेका पातहरु जम्मा गरी नष्ट गर्ने।
- फल नलागेको अवस्थामा भए कपर अक्सिक्लोराईड ५० प्रतिशत डब्लु पी विषादी २-३ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्ने।
- डाईमेथोमर्फ ५० प्रतिशत डब्लु पी विषादी १.५ ग्राम प्रति लिटर पानीका दरले मिसाई छर्ने।

"विषादी छर्दा सुरक्षाका उपायहरु अवलम्वन गर्नु पर्दछ। विषादी छर्ने व्यक्तिले सम्पूर्ण शरीर ढाक्ने कपडा, मुखमा मास्क, हातमा पन्जा र आँखामा चस्माको प्रयोग गर्नु पर्दछ। हावा चलेको दिशातर्फ फर्केर विषादी छर्नु हुँदैन। विषादी छर्दा धुम्रपान, मध्यपान तथा सुर्ति सेवन गर्नु हुँदैन। विषादी छरिसकेपछि प्रयोग भएका सामाग्री राम्रोसँग सफा गर्नुपर्दछ र विषादी छर्ने व्यक्तिले साबुन पानीले हात धोई नुहाउनु पर्दछ।"

<u>अनुरोधक</u>

रानी जमरा कुलरिया सिंचाई आयोजना
कृषि कार्यक्रम कार्यान्वयन इकाई, टिकापुर, कैलाली
सम्पर्क नं.: ०९१-५६१४१४, ०९१-५६१४१५

..............................
(भरतप्रसाद कंडेल)
आयोजना कोअर्डिनेटर